हे बालक! म तिमीलाई केही महत्त्वपूर्ण कुराहरू सिकाउँदैछु: अल्लाहको (आदेशहरूको) रक्षा गर, उहाँले तिम्रो रक्षा गर्नुहुनेछ। तिमी उहाँ (का आदेशहरू) लाई मान, तिमीले उहाँलाई आफ्नो सामुन्ने पाउनेछौ। जब तिमीलाई केही माग्नुपर्ने हुन्छ तब अल्लाहसँग मात्र माग

अबु अल-अब्बास, अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) बाट वर्णित छ, उहाँले भन्नुभयो: एक दिन म अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँगै सवार थिएँ, तब
उहाँले भन्नुभयो: "हे बालक! म तिमीलाई केही महत्त्वपूर्ण कुराहरू सिकाउँदैछु: अल्लाहको (आदेशहरूको) रक्षा गर, उहाँले तिम्रो रक्षा गर्नुहुनेछ। तिमी उहाँ (का आदेशहरू) लाई मान, तिमीले उहाँलाई आफ्नो सामुन्ने पाउनेछौ। जब तिमीलाई केही माग्नुपर्ने हुन्छ तब अल्लाहसँग मात्र माग। जब तिमीलाई सहायता चाहिन्छ तब अल्लाहसँगै मात्र सहायता माग। यो कुरा पनि जानी राख कि यदि समस्त मानवजाति तिमीलाई कुनै लाभ पुर्याउन एकजुट भए पनि, उनीहरूले तिमीलाई त्यति मात्र लाभ पुर्याउन सक्छन्, जति अल्लाहले तिम्रो लागि लेखिदिनुभएको छ र यदि उनीहरू सबै तिमीलाई हानि पुर्याउन एकत्रित भए पनि, उनीहरूले तिमीलाई त्यति मात्र हानि पुर्याउन सक्छन्, जति अल्लाहले तिम्रो भाग्यमा लेखिदिनुभएको छ। भाग्य लेख्ने कलमहरू रोकिसकेका छन् र (भाग्यका) पानाहरू सुकिसकेका छन्।" तिर्मिजीबाहेक अन्य पुस्तकहरूमा उल्लेखित हदीस यस्तो छ: "अल्लाह (का आदेशहरू) को रक्षा गर्नु, तिमीले उहाँलाई आफ्नो समक्ष पाउनेछौ। सुसम्पन्नताको अवस्थामा अल्लाहलाई नबिर्सनु, उहाँले तिमीलाई कठिनाइको समयमा चिन्नुहुनेछ (सहायता गर्नुहुनेछ)। यो जानी राख्नु कि जुन कुरा तिमीलाई प्राप्त भएन, त्यो तिम्रो निम्ति थिएन र जुन कुरा तिमीलाई प्राप्त भयो, त्यो कहिल्यै तिमीबाट
छुट्ने थिएन। यो पनि बुझी राख्नु कि विजय धैर्यसँगै हुन्छ, कष्टसँगै राहत हुन्छ र कठिनाइसँगै सहजता पनि हुन्छ।" [رواه الترمذي وغيره] [सही[

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बताउँनु हुन्छ, एक दिन उनी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँगै सवार थिए जब उहाँले मलाई सम्बोधन गर्दै भन्नुभयो, म तिमीलाई केही कुराहरू सिकाउनेछु, जसबाट अल्लाहले तिमीलाई फाइदा पुर्याउनु हुनेछ: अल्लाहका आदेशहरूको पालना गरेर र उहाँद्वारा निषेध गरिएका कुराहरूबाट टाढा रहेर अल्लाहको आदेशहरुको रक्षा गर, उहाँले तिमीलाई अवज्ञा र पापमा होइन, बरु आज्ञाकारिता र आफ्नो सामीप्यमा पाऊन्। यदि तिमीले यसो गर्यो भने, त्यसको पुरस्कार स्वरूप अल्लाहले तिमीलाई संसार र परलोकका कठिनाइहरूबाट जोगाउनुहुनेछ र तिमी जहाँसुकै गए पनि अल्लाहले तिम्रो मामिलाहरूमा तिम्रो सहायता गर्नुहुनेछ। यदि केही माग्न आवश्यकता पर्यो भने अल्लाहसँग मात्र माग, अरू कसैसँग नमाग, किनभने अल्लाहले मात्र माग्नेहरूको इच्छा र मनोकामना पूरा गर्नुहुन्छ। यदि तिमीलाई सहयोग चाहियो भने, अल्लाह बाहेक अरू कसैसँग

https://sunnah.global/hadeeth/ne/show/66522